मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १८७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ साउन ३ गते शनिबार ❑ 19 July 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## चीनको अलीस्थित विमानस्थलबाट पोखरा सिधा उडानको पहल गर्न आग्रह

पोखरापत्र संवाददाता
पोखरा, २ साउन

चीनको अलीस्थित विमानस्थलबाट पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा सिधा उडानका लागि पहल गर्नका लागि पोखरा पर्यटन परिषद्ले गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेलाई ध्यानाकर्षण गराएको छ।



नेपाल-चीन कूटनीतिक सम्बन्धको ७०औँ वार्षिकोत्सवको अवसरमा प्रदेशका मुख्यमन्त्री पाण्डेको नेतृत्वमा हुन लागेको चीनको औपचारिक भ्रमणमा प्रस्तुत गर्नुपर्ने विभिन्न विषयका सम्बन्धमा मुख्यमन्त्री कार्यालयमा शुक्रबार आयोजित छलफलमा उक्त ध्यानकर्षण गराइएको हो । मुख्यमन्त्रीलाई ध्यानाकर्षण पत्र प्रस्तुत गर्दै पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले पोखरा अर्न्तराष्ट्रिय विमानस्थलमा छिमेकी र एसियाका अन्य मुलुकहरूबाट सिधा उडान सञ्चालन गरी पूर्णरूपमा सञ्चालनमा ल्याउन आवश्यक पहल गर्न अनुरोध गर्नुभयो । धार्मिक महत्त्व बोकेको कैलाश मानसरोबर यात्रालाई सहज बनाउन हालै मात्र चीन सरकारले मानसरोबर नजिकै अलीमा रहेको विमानस्थललाई अन्तरराष्ट्रिय विमानस्थलको रूपमा स्तरोन्नति गरिरहेको बताउँदै उहाँले सो विमानस्थलवाट पोखरा अर्न्तराष्ट्रिय विमानस्थलमा सिधा उडानका लागी आवश्यक पहल गर्न आग्रह गर्नुभयो।

गण्डकी प्रदेशको आर्थिक मेरुदण्डका रूपमा रहेका पोखरा अन्तरराष्ट्रिय विमानस्थल र मुस्ताङ जिल्ला स्थित कोरोला नाका चलायमान गर्न सकेमा मात्र समग्र गण्डकी प्रदेशको पर्यटन तथा समग्र अर्थतन्त्रमा ठूलो टेवा पुग्ने उहाँले बताउनुभयो।

"पोखरावाट चीनको लागी नजिकको नाका कोरोला नाका अझै पर्यटकको आवागमन र व्यापारिक प्रयोजनका लागी पूर्णरूपमा सञ्चालनमा आइसकेको छैन", ध्यानाकर्षणपत्रमा भनिएको छ, "यस नाका पूर्णरूपमा सञ्चालनमा ल्याउन सकेमा समग्र गण्डकी प्रदेशको नै आर्थिक विकाशमा ठूलो टेवा पुग्नेछ। यसका साथै धार्मिक तथा साहसिक पर्यटकहरूको आकर्षक गन्तव्यका रूपमा रहेको कैलाश मानसरोवर पर्यटक गतिविधि सोही नाका हुदै सञ्चालन गर्न पाएमा गण्डकी प्रदेशको पर्यटनको विकासमा टेवा पुऱ्याउनेछ ।" आवश्यक अध्यागमन, भन्सार लगायतका पूर्वाधार निर्माण गरी कोरोला नाका पूर्णरूपमा सञ्चालनमा ल्याउन आवश्यक पहलका लागि अनुरोध गर्दै अध्यक्ष पहारीले निकट भविष्यमा नै गण्डकी प्रदेश सरकार, नेपालस्थित चिनियाँ राजदूतावास, पोखरा पर्यटन परिषद् र निजी क्षेत्रका प्रतिनिधिसहितको एक टोलीलाई सो नाकाबाट कैलाश मानसरोबर सम्भाव्यता अध्ययन भ्रमणको पहलकदमी गरिदिन मुख्यमन्त्रीसँग आग्रह गर्नुभयो।

छलफलमा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले कोरोला नाकालाई व्यवस्थित रूपमा सञ्चालन गराउने सम्बन्धमा आँफूले भ्रमणका क्रममा पहल गर्ने विश्वास व्यक्त गर्नुभयो । कोरोला नाका पूर्णरूपमा सञ्चालनमा आउँदा त्यसले पोखरा सहित समग्र गण्डकी प्रदेशको पर्यटनमा टेवा पुग्ने उहाँले बताउनुभयो।

## गान्जीको सौन्दर्य पर्वतीय संग्रहालयमा

पोखरापत्र संवाददाता
पोखरा, २ साउन

चीनको पश्चिम सिचुवान प्रान्तमा पर्ने गान्जी तिब्बतीयन अटोनोमस प्रिफेक्चरको सौन्दर्य पोखरामा हेर्न पाइने भएको छ।



अनुपम प्राकृतिक दृश्य, तिब्बतीयन संस्कृति भएको गान्जीमा उच्च स्थानमा रहेका उपत्यका, हिउँले ढाकिएका पर्वत, ठूला घाँसे मैदान र घना जंगलहरु छन् । गान्जी तिब्बतीयन अटोनोमस प्रिफेक्चर माउन्उटेन टुरिजम प्रमोसन प्वाइन्ट कार्यक्रम अन्तर्गत गान्जीका तस्बिरहरु बिहीबारबाट पोखराको रातोपहिरोमा रहेको अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयमा राखिएका छन् । नेपाल नेसनल पभेलियन (चाइना)को सहयोगमा राखिएका गान्जीका तस्बिरहरु अबको छ महिनासम्म प्रदर्शनीमा राखिनेछन्। पोखरामहानगरपालिकाकीउपमेयर मञ्जुदेवी गुरुङले बिहीबार प्रदर्शनी सुरुआत गरिन् । उनले नेपाल र चीनको सम्बन्धलाई यस्ता कार्यक्रमले थप मजबुत पार्ने उल्लेख गरिन् । गान्जी प्रिफेक्चर कमिटी अफ द कम्युनिस्ट पार्टी अफ चाइनाको सेक्रेटरी चेन बोताउले नेपालीहरुलाई गान्जी भ्रमण गर्न निम्तो दिए । उनले भने, 'नेपाल जस्तै हिमाल, ताल, झरना भएको गान्जी भ्रमणका लागि यहाँहरुलाई निम्तो छ ।' संग्रहालयकी कार्यकारी निर्देशक निर्मलाकुमारी न्यौपानेले यथासक्य संसारभरीका हिमाल, पर्वत र पर्वतारोहणबारे जानकारी दिन सक्ने गरी संग्रहालयलाई समृद्ध बनाउँदै लगिने बताइन्। पोखराको प्रमुख पर्यटकीय गन्तव्यमा पर्ने यो संग्रहालय वर्षमा दुई लाखभन्दा बढीले भ्रमण गर्ने गरेका छन् । कार्यक्रममा अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय समितिका सदस्य शेषकान्त शर्मा र धर्मराज पन्थीले पनि बोलेका थिए।

## 'न्यायालयले गर्ने फैसलामा सम्मान छ'

पोखरापत्र संवाददाता
तनहुँ, २ साउन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उपसभापति एवं तनहुं क्षेत्र नम्बर १ का सांसद डा स्वर्णिम वाग्लेले न्यायालयले गर्ने हरेक फैसलालाई पार्टीले सधैं सम्मान गर्दै आएको बताउनुभएको छ।

तनहुँको शुक्लागण्डकी नगरपालिका-४ दुलेगौडामा शुक्रबारकार्यकर्ता भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै वाग्लेले पार्टीले सञ्चालन गरेको हस्ताक्षर अभियान न्यायपालिकालाई प्रभावित पार्न नभएको स्पष्ट पार्नुभयो । उहाँले हस्ताक्षर अभियान सञ्चालन गर्दैमा सभापति रवि लामिछाने छुट्ने होइन भन्दै न्यायपालिकाले गर्ने कार्यसम्पादनमा दखल नदिने जिकिर गर्नुभयो । उहाँले भन्नुभयो, "न्यायपालिकाले गर्ने फैसला हामी मान्दै आएका छौं र मान्नेछौँ ।" उपसभापति वाग्लेले पार्टी सभापतिमाथि राजनीतिकरण भएको आफूहरूको बुझाइ रहेको उल्लेख गर्नुभयो। पार्टीप्रति आम जनताको आकर्षण बढेको दाबी गर्दै उहाँले सबैभन्दा ठूलो अदालत भनेको जनअदालत भएको बताउनुभयो । आफूहरू २०८४ को चुनावको तयारीमा रहेको बताउँदै त्यसलाई पार्टीप्रतिको आकर्षणले बलियो बनाएको उहाँले जिकिर गर्नुभयो।

## पोखरा विश्वविद्यालय २९औँ वर्ष प्रवेशका अवसरमा दीर्घसेवा सम्मान

पोखरापत्र संवाददाता
पोखरा, २ साउन

पोखरा विश्वविद्यालय २९औँ वर्षमा प्रवेश गरेका अवसरमा विश्वविद्यालयमा २५ वर्षभन्दा बढी सेवा गरेका शिक्षक तथा कर्मचारीलाई दीर्घसेवाबाट सम्मानित गरिएको छ।



विश्वविद्यालयले रजिष्ट्रार सह-प्राडा अजय थापा, सह-प्रशासक गोवर्धन भट्टराई, उप-प्रशासक सीतादेवी ढकाल, मुख्य सहायकहरू विमल कार्की र पुरूषोत्तम रानाभाट, सवारी चालक झगबहादुर कमर तथा कार्यालय सहयोगी दुर्गा रेग्मी र जोगिराम नेपालीलाई दीर्घसेवा सम्मानबाट सम्मानित गरेको हो।

पोखरा विश्वविद्यालय ऐन, २०५३ अनुसार २०५४ साल साउन १ गते स्थापित विश्वविद्यालयले आफ्नो स्थापना दिवसका अवसर पारी प्रत्येक वर्ष विभिन्न कार्यक्रमका साथ मनाउँदै आएकामा यस वर्ष दीर्घसेवा पदक सम्मान कार्यक्रमसहित विश्वविद्यालय परिसरमा वृक्षरोपण गरिएको छ।

कार्यक्रममा विश्वविद्यालयका उपकुलपति प्राडा वेदराज केसीले विश्वविद्यालय उच्च शिक्षाको एक महत्वपूर्ण संस्थाका रूपमा स्थापित भइसकेको बताउनुभयो । विश्वविद्यालयको हालको उचाइमा पुग्न योगदान दिने पूर्वपदाधिकारी, समाजसेवी, शिक्षासेवीप्रति आभार प्रकट गर्दै उहाँले २५औँ विश्वविद्यालय सभामार्फत अघि सारिएका नीति तथा कार्यक्रम अझ प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो।

पोखरा विश्वविद्यालय सेवा आयोगका अध्यक्ष प्रा तीर्थराज अर्याललले आयोगले विश्वविद्यालयको मार्गनिर्देशानुसार कार्य गर्दै आएको उल्लेख गर्दै आगामी दिनमा पनि लक्ष्य र योजनासँग समन्वय गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । रजिष्ट्रार सह-प्राडा अजय थापाले पोखरा विश्वविद्यालयसँगै आफू हुर्किएको अनुभव सुनाउँदै २५ वर्ष निरन्तर सेवामा रहन पाउँदा गर्व महसुस भएको बताउनुभयो । सुरुमा स्नातकोत्तर तहमा १२-१५ जना र स्नातक तहमा २८ जना विद्यार्थी तथा आठ-१० जना कर्मचारीबाट सुरु भएको विश्वविद्यालय हाल ६५ कलेजमार्फत ३५ हजारभन्दा बढी विद्यार्थीलाई उच्च शिक्षाको अवसर प्रदान गरिरहेको उल्लेख गर्दै उहाँले यस सफलताको श्रेय सम्पूर्ण संस्थापक, पदाधिकारी, शिक्षक, कर्मचारी र विद्यार्थीलाई जाने धारणा राख्नुभयो।

कार्यक्रममा पूर्वरजिष्ट्रार प्राडा दीपकबहादुर भण्डारी, व्यवस्थापन सङ्कायका डिन सह-प्राडा दयाराज ढकाल, प्राध्यापक सङ्घका सभापति सह-प्राडा निरञ्जन श्रेष्ठ, स्कूल अफ बिजनेसका निर्देशक सह-प्राडा श्रृजन ज्ञवालीलगायतले सबैको साथ र सहयोगमा विश्वविद्यालयलाई गुणस्तरीय शिक्षाको केन्द्रका रूपमा विकास गर्नुपर्ने बताउनुभयो।

## अन्नपूर्ण गाउँपालिकाको सार्वजनिक सुनुवाई : जनगुनासो र समृद्धिको मार्गचित्र

पोखरापत्र संवाददाता
पोखरा, २ साउन

कास्कीको अन्नपूर्ण गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ को तेस्रो चौमासिक अवधिमा सम्पन्न योजना, सेवा प्रवाह र विकासका कार्यक्रमबारे सार्वजनिक सुनुवाई गरेको छ।



कार्यक्रममा पालिकावासीले खुलेर गुनासो र सुझाव राखे भने पालिकाले सुनुवाइमा उठेका कतिपय विषयहरुमा काम सुरु भइसकेको र जनगुनासोलाई भावी नीति निर्माणको आधार बनाउने प्रस्ट पारेको छ। विभिन्न वडाबाट आएका स्थानीयले सिमेन्ट थन्किएको, चिकित्सकको अभाव, बजेटको उपयोग, पूर्वाधार निर्माण, लक्षित वर्गका योजना, सार्वजनिक जग्गाको उपयोग नभएको, पारदर्शिता र मापदण्डको कमीजस्ता गुनासोहरू राखे। यस्ता गुनासोलाई पालिकाले गम्भीरतासाथ लिएको र समाधानतर्फ अघि बढ्ने प्रतिबद्धता जनाएको छ।

गाउँपालिकाका अध्यक्ष विष्णुबहादुर केसीले स्रोत र कानुनी सीमाभित्र रहेर काम भइरहेको बताए। उनले भवन निर्माणका लागि चाँडै शिलान्यास

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ् कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# दोस्रो पुम्दी-भुम्दी पर्वतीय दौड प्रतियोगिता असोज ४ मा हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २ साउन

खेल पर्यटनको प्रवर्द्धन गर्ने उद्देश्यले पोखरामा आयोजना हुने दोस्रो पर्वतीय दौड प्रतियोगितालाई पुम्दी-भुम्दीकै उत्सवको रुपमा मनाउन स्थानीयले सुझाव दिनु भएको छ।

पोखरा क्लिक प्रालीको आयोजनामा आउँदो असोज ४ गते पोखरामा हुने उक्त प्रतियोगितालाई पोखरा २२ पुम्दी भुम्दीका स्थानीयले गाउँकै उत्सवको रुपमा उक्त प्रतियोगिता बनाउन सुझाव दिनुभएको हो।

मिति घोषणा सहित स्थानीय क्लब,टोल विकास संस्था, जनप्रतिनिधि लगायतका विभिन्न संघ संस्था एवं स्थानीयसँग भएको छलफल क्रममा सहभागिहरूले अघिल्लो बर्षमा भएका कमीकमजोरी सुधार गर्दै उत्कृष्ट व्याबस्थापनमा जुट्न समेत आग्रह गर्नु भएको थियो। पोखराका तीनवटा पर्यटकीय क्षेत्र विश्व शान्ति स्तुप, पुम्दीकोट र बुद्ध पार्कलाई जोडिएको उक्त खेलकुद प्रतियोगितालाई भव्य रुपमा सम्पन्न गर्न आ-आफ्नो क्षेत्रबाट भरपूर्ण सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गर्नुभएको थियो। कार्यक्रममा बोल्दै पोखरा महानगरपालिका वडा नम्बर २२ का वडाध्यक्ष हिमलाल बरालले भुम्दी भुम्दीको नयाँ पर्यटकीय गन्तव्य कालाबाङ घरेडी बुद्ध पार्कलाई प्रचारप्रसार गर्न उक्त प्रतियोगिता कोशेढुङ्गा सावित हुने बताउनुभयो। वडामा रहेका २४ वटा टोल विकास संस्था त्यसैगरी विभिन्न क्लब, आमा समूह लगायतकाको उल्लेख्य



सहभागिता गराउन आफूहरूले विशेष पहल गर्ने उहाँले जनाउनु भयो। पोखरामा पर्यटकको बसाइ अवधि लम्बाउनको लागि पुम्दीभूम्दीमा २७ किलोमिटरको पदमार्ग निर्माण कार्य जारी रहेको उहाँले बताउनुभयो। गतवर्ष स्थानीय ठाकुर बरालको विशेष पहलमा ९० लाख र यस वर्ष पद मार्गको लागि करिब ३ करोड बजेट विनियोजन भएको अध्यक्ष बरालले उल्लेख गर्नुभयो।

विश्व शान्ति स्तुप समितिका सचिव एवं पूर्व प्रधानपञ्च दुर्गा बहादुर गुरुङले उक्त प्रतियोगिता पुम्दी-भुम्दीको छुट्टै ब्रान्ड बनेको हुँदा उक्त प्रतियोगितालाई उत्सवको रुपमा मनाउन सुझाव दिनुभयो। पुम्दी भुम्दीमा पर्यटकीय सम्भावना रहेका तारेभिर, फिलिङ्गघारी त्यसैगरी थाप्लेडाँडा लगायतका क्षेत्रको पनि पर्यटन प्रवर्द्धन गर्न आवश्यक भएको बताउनुभयो। पुम्दीकोट कोट विकास समितिका उपाध्यक्ष नरहरी बरालले उक्त प्रतियोगिता गाउँको पहिचानसँग जोडिएको हुँदा आफूहरुले सहयोग गर्नुपर्नेमा जोड दिनुभयो। कालाबाङ घरेडी बुद्धपाक समितिका अध्यक्ष लाल गुरुङ (राज) ले पहिलो संस्करणमा नौ वर्षदेखि ६१ वर्ष उमेर समूहका व्यक्तिहरू समेत सहभागी भएको स्मरण गर्दै आवश्यक मेडिकल टिम सहित स्वयंसेवकहरू पर्याप्त मात्रामा आगामी दिनमा खटाउनु पर्नेमा जोड दिनुभयो। भूतपूर्व खेलाडी मञ्चका सदस्य एवं प्राविधिक ओम गुरुङले पुम्दी भुम्दी पर्वतीय दौड प्रतियोगिता अरु प्रतियोगिताहरू भन्दा भिन्न खालको जस्तै अन्नपूर्ण माछापुच्छ्रे र पर्यटकीय गन्तव्य शान्ति स्तुप, पुम्दीकोट र बुद्ध पार्क जोडिएको दौड भएको हुँदा निकै आकर्षण भएको जनाउनु भयो। पोखराका पर्यटन व्यवसायी एवं पत्रकार राजु क्षेत्रीले हाम्रो संस्कारमा पर्यटकीय कल्चर कम भएको हुँदा पर्यटकसँग जोडेर गरिने पर्यटकीय क्रियाकलापहरू मेगा इभेन्टको रुपमा आयोजना गर्नुपर्नेमा जोड दिनुभयो। पोखरा महानगरपालिका वडा नम्बर २२ वडा युवा परिषद् का अध्यक्ष दिनेश बरालले उक्त प्रतियोगितालाई सफल पार्न आवश्यक समन्वय गर्न आफूहरू तयार रहेको बताउनु भयो। शुक्रराज माविका शिक्षक मिलन गुरुङले गतवर्ष भएका कमी कमजोरीलाई सुधार्दै यसपाली व्यवस्थापनमा चुस्तदुरुस्त बनाउन आग्रह गर्नुभयो। प्रतियोगिताका संयोजक एवं प्रालीका अध्यक्ष दिननाथ बरालको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा पुम्दीकोट टोल विकास संस्थाका अध्यक्ष राजेन्द्रप्रसाद क्षेत्री, कालिमाटी शान्ति स्तुप टोल विकास संस्थाका अध्यक्ष सुदीप बिक, महेश्वरी माविका शिक्षक सञ्जय बराल लगायतले वोल्दै उक्त कार्यक्रम सफल पार्न सहयोग गर्ने बताउनु भयो। विश्व पर्यटन दिवसको अवसरमा असोजको ४ गते उक्त प्रतियोगिता हुने भएको पोखरा क्लिक प्रालीका वरिष्ठ संवाददाता असफल गौतमले बताउनुभयो। प्रतियोगिता सम्पन्न गर्न करिब ८ लाख ८० हजार खर्च हुने व्यवस्थापक सागर सुनारले बताउनुभयो।

प्रतियोगितामा प्रथम हुने विजेता धावकलाई रु ३० हजार दोस्रो हुनेलाई १५ हजार तेस्रो हुनेलाई ७ हजार त्यसैगरी पोखरा २२ वडा स्तरिय खुलातर्फ विजेता एकजना महिलातर्फ पुरूष विजेता अर्को १६ वर्ष मुनि उमेर समूहको एकजना र भेट्रान्स ४० वर्षमाथि उमेर समूहका एक एक जनालाई प्रोत्साहन स्वरूप जनही ७ हजार रूपैयाँ प्रदान गरिने भएको संयोजक बरालले बताउनुभयो। उक्त प्रतियोगितालाई प्रदेश खेलकुद परिषद गण्डकीबाट समन्वय, पोखरा महानगरपालिका वडा नम्बर २२ को सहकार्य, नेपाल पर्यटन बोर्डको प्रवर्द्धन र त्यसैगरी सिटीवान टेलिभिजन मिडिया पार्टनरको रुपमा जोडिनुभएको छ। आफ्नो जन्म गाउँ पुम्दी भुम्दीमा गाउँ पर्यटन प्रबर्द्धन गर्न विश्व पर्यटन दिवसको अवसरमा आयोजना हुने उक्त प्रतियोगितामा सहभागि हुने धावकहरुको अनलाइन फारम दर्ता केही हप्ता पछि खुल्ला गरिने भएको छ।

# धम्पुस घोताने चेलीबेटी समूहमा मायाकुमारी गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, २ साउन

धम्पुस घोताने चेलीबेटी समूह पोखराको सम्मेलनले मायाकुमारी गुरुङलाई ३ वर्षका लागि सर्वसम्मत अध्यक्षमा चयन गरेको छ।

उपाध्यक्षमा तिलकुमारी गुरुङ, सचिवमा जगन गुरुङ, कोषाध्यक्षमा लालकुमारी गुरुङ, सहसचिवमा दुर्गाकुमारी गुरुङ, सहकोषाध्यक्षमा मनदेवी गुरुङ चयन भएका छन् भने सदस्यहरूमा विनु गुरुङ, रुद्रकुमारी गुरुङ, सिर्जना गुरुङ, शान्ति गुरुङ, बसन्त गुरुङ, कृता गुरुङ, ममता गुरुङ र राधा गुरुङ रहेका छन्। सल्लाकारमा निवर्तमान अध्यक्ष शान्ति गुरुङ र रसदेवी गुरुङ मनोनित भएका छन्। धम्पुस पोखरी, घलेल, लान्द्रुक, कुदवीडाँडा, बरालडाँडा, घाचोक, लाहाचोक सहित ७ गाउँका १ सय २० भन्दा बढी चेलीबेटी समूहलाई नवनिर्वाचित अध्यक्ष मायाकुमारी गुरुङले



आफ्ना स्वर्गीय पति आलेबहादुर गुरुङको संझनामा ५० हजार, छोरीहरू ज्योति गुरुङबाट ५० हजार र उन्नति गुरुङबाट ५० हजार सहयोग जुटाइ १ लाख ५० हजार बराबरको १ सय २० वटा साडी प्रदान गरिन। गुरुङ जातिको चालचलनलाई जोगाउँदै सामाजिक विकृति र विसङ्गतिविरुद्ध एकजुट भइ अगाडि बढ्ने प्रतिवद्धता जनाउँदै चेलीबेटी समूहको कोषलाई आफ्नो कार्यकालमा १ करोड पुर्‍याउने लक्ष्य राखेको अध्यक्ष मायाकुमारीले जानकारी दिएकी छन्। आफ्नो माइती गाउँ र थातथलो छोडेर पोखरामा बसोबास गर्ने चेलीबेटी समूहले समाज सेवा र आफन्तजनको सुखदुखमा साथ दिँदै आएको छ। गुरुङ संस्कार, संस्कृति, भाषा, भेषभूषा संरक्षण गर्दै गुरुङ नाच र गीतसङ्गीतमा चेलीबेटीलाई आवद्ध गर्दै आफन्तजनको मृत्यु र शोक कार्यमा मलम पढ्ने परम्परालाई जीवन्त बनाएको सचिव जगन गुरुङले बताइन।

समूहले गाइघाट गुम्बामा भवन निर्माण गरेको छ। बुद्ध अर्घौ सदनलाई १ लाख ५ हजार नगद सहयोग लगायत हेम्जा गुम्बा, घान्द्रुक गुम्बालाई भौतिक र आर्थिक सहयोग गरी कोषमा ४८ लाख रहेको निवर्तमान अध्यक्ष शान्ति गुरुङले जानकारी दिइन।

# वैचारिक दृष्टिकोण निकट कम्युनिष्ट पार्टीबीच एकता आवश्यक छ : अध्यक्ष नेपाल

**रासस**
काठमाडौं, २ साउन

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले राजनीतिक विचार सिद्धान्त निकट रहेका समूह तथा कम्युनिष्ट पार्टीबीच एकता आवश्यक रहेको बताउनुभएको छ।

नेकपा (एकीकृत समाजवादी) र नेकपा राष्ट्रिय एकता अभियानबीच शुक्रबार आयोजित एकता सभामा उहाँले मुलुकको आर्थिक विकास तथा जनताको समृद्धिका लागि सबै क्रान्तिकारी, वामपन्थी शक्तिलाई बलियो बनाउन विभिन्न रूपमा छरिएका कम्युनिष्ट समूहलाई एकताबद्ध गर्नुपर्नेमा जोड दिनुभयो।

पार्टी बलियो बनाउन समान नीति र उद्देश्य बोकेका अरू दलसँगको एकता र सहकार्य अर्थपूर्ण हुने उल्लेख गर्दै अध्यक्ष नेपालले राष्ट्रिय एकता अभियानसँग गरिएको एकताले पार्टीलाई बलियो बनाउने विश्वास व्यक्त गर्नुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का नेताहरूबाट आएका अभिव्यक्तिले तत्काल उनीहरूसँग एकताको सम्भावना नरहेको बताउँदै उहाँले त्यहाँभित्रको सैद्धान्तिक तथा वैचारिक विचलन बाधक रहेको




विचार व्यक्त गर्नुभयो।

पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका अध्यक्ष नेपालले आफ्नो पार्टीको वैचारिक दृष्टिकोणका कारणले देशको राष्ट्रिय राजनीतिमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको प्रष्ट पार्नुभयो। सम्मानित नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनालले निरङ्कुशताविरुद्ध सङ्घर्ष गरेका वामपन्थी शक्तिबीचको एकता मुलुकको आवश्यकता भएको बताउँदै त्यसको सुरुआत आजको कार्यक्रमबाट भएको उल्लेख गर्नुभयो। उहाँले मुलुकमा सबै वामपन्थी शक्तिबीच ध्रुवीकरणको विकास हुँदै जाँदा एमालेसँग पनि दीर्घकालमा एकताको सम्भावना र लक्ष्य राख्नुपर्ने उल्लेख गर्नुभयो। अभियानका संयोजक वामदेव गौतमले आफू ७५ सदस्यीय केन्द्रीय कमिटीको समर्थन बोकेर आएको बताउँदै एकताप्रति खुसी व्यक्त गर्नुभयो।

मुलुकमा समाजवाद निर्माणका लागि आफू समाहित भएको बताउँदै उहाँले भन्नुभयो, "मेरो जीवनमा समाजवाद देख्न पाएँ र मैले नै निर्माण गरेर समाजवादी पद्धतिमा सामेल हुन पाएँ भने साँच्चिकै यो जीवन पूर्ण रूपमा सफल भएको ठान्नेछु।" नेता गौतमले जनताका समस्यालाई समाधान गर्दै पार्टी सङ्गठन गतिशील बनाउन आफूले सक्दो भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

# कृषकलाई प्रोत्साहनस्वरुप दूधमा अनुदान

**पोखरापत्र संवाददाता**
वालिङ, २ साउन

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र स्याङ्जाले दूधमा अनुदान दिएको छ।

उत्पादनका आधारमा कृषकलाई प्रोत्साहित गर्न कार्यालयले जिल्लाभित्र सञ्चालनमा रहेर मापदण्ड पूरा गरेका समूह, सहकारीलाई प्रतिलिटर रु पाँच अनुदान उपलब्ध गराएको हो। उत्पादनमा आधारित प्रोत्साहन सहयोगअन्तर्गत मापदण्डअनुसार दैनिक २०० लिटर दूध सङ्कलन गर्ने र वार्षिक २०० दिन दूधको कारोबार गर्ने समूह सहकारीलाई छनोट गरी सहयोग दिइएको भेटेरिनरी तथा पशु विज्ञ केन्द्र स्याङ्जाका प्रमुख रुपेश श्रेष्ठले जानकारी दिनुभयो। कार्यालयले गत आर्थिक वर्ष २०८१/०८२ मा दुई लाख लिटर दूधका लागि रु पाँचका दरले रु १० लाख प्रोत्साहनस्वरुप सहयोग गरेको उहाँले बताउनुभयो। प्रोत्साहन रकम वितरणसम्बन्धी कार्यालयले मापदण्ड पूरा गरेका समूह तथा सहकारीबाट आवेदन माग गरेको थियो। त्यसमा तीन वटा समूह र सहकारीले आवेदन दिए पनि मापदण्डका आधारमा दुई वटालाई छनोट गरी प्रोत्साहन रकम उपलब्ध गराइएको उहाँले बताउनुभयो।

कार्यालयले भिरकोटनगरपालिकामाअवस्थित भिरकोट दुग्ध उत्पादन सहकारी र आँधीखोला गाउँपालिकामा अवस्थित आँधीखोला कृषि उद्यम सहकारी संस्थामा आबद्ध कृषकलाई प्रोत्साहन उपलब्ध गराएको हो। "प्रोत्साहन रकम दुई चरणमा गरी उपलब्ध गराएका हौँ", प्रमुख श्रेष्ठले भन्नुभयो, "कृषकलाई अन्य सहयोग तथा अनुदानका कार्यक्रमभन्दा उत्पादनका आधारमा दिइने प्रोत्साहन रकम बढी प्रभावकारी हुने गरेको पाएका छौँ।" भिरकोट दुग्ध उत्पादक सहकारी संस्थाले कूल रु छ लाख ५० हजार ६५० प्राप्त गरेको छ। सहकारीले एक लाख ३० हजार १३० लिटर दूधका लागि उक्त रकम प्राप्त गरेको हो। आँधीखोला कृषिउद्यम सहकारी संस्थाले ६९ हजार ७२० लिटर दूध सङ्कलन गरेको थियो। सङ्कलित उक्त परिमाणको दूधमा रु पाँचका दरले रु तीन लाख ४८ हजार ६०० प्रोत्साहन रकम प्रदान गरिएको उहाँले बताउनुभयो।

दुई वटा सहकारीले तोकिएको मापदण्डअनुसार दूध उत्पादन तथा सङ्कलन गरेका हुन्। सङ्कलन भएको दूधको प्रतिलिटर रु पाँचका दरले नौ लाख ९९ हजार २५० प्रोत्साहन सहयोग गरेको हो। प्रोत्साहन सहयोगले उत्पादनमा वृद्धि हुँदै गएकाले प्रोत्साहन सहयोग कार्यक्रमलाई निरन्तरता दिइएको कार्यालयले जनाएको छ। कार्यालयले भकारो सुधार, नयाँ गोठ निर्माण, मिल्क एनालाइजरलगायत यन्त्र तथा उपकरण पनि कृषकलाई अनुदानमा सहयोग गर्दै आएको छ।

## अन्नपूर्ण ...

गरिने जानकारी दिए। अध्यक्ष के.सीले साना व्यवसाय प्रवर्द्धन र सुरक्षित आप्रवासन कार्यक्रमबाट रोजगारी र सामाजिक सुरक्षामा सहयोग भईरहेको स्पष्ट पारे। उनले सामुदायिक विद्यालय सुधारमा पालिकाको सक्रियता बढिरहेको समेत बताए। उपाध्यक्ष चन्द्रकला अधिकारीले महिला, बालबालिका, जेष्ठ नागरिक र गरिब वर्गका लागि नयाँ योजना ल्याइने बताइन्। उनले नागरिक गुनासो सुन्ने मात्र नभई गुनासाहरुको व्यवहारिक समाधान गर्ने प्रतिबद्धता जनाईन्। प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद पोखरेलले 'कृषि, पर्यटन, ऊर्जा र पूर्वाधार : अन्नपूर्ण समृद्धिको आधार' भन्ने नारासहितको तेस्रो चौमासिक प्रतिवेदन प्रस्तुत गरेका थिए। प्रतिवेदनमा ११ वटै वडाका कामहरू प्रस्तुत गरिएको थियो। जसअनुसार पालिकाले आ.व २०८१/२०८२ मा १ करोड ८८ लाख ७ सय ८५ रुपैयाँ राजश्व संकलन गरेको छ। सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा र प्राविधिक शाखाबाट आर्थिक वर्ष २०८१/८२ मा उल्लेखनीय कामहरू सम्पन्न भएका छन्। वृद्ध नागरिकदेखि दलित बालबालिकासम्मका लागि सामाजिक सुरक्षाको व्यवस्था गरिँदा, प्राविधिक योजनामार्फत आधारभूत पूर्वाधार विकासमा पनि जोड दिइएको छ। प्राविधिक शाखाको तर्फबाट २०८१/८२ मा ८ वटा योजना टेन्डर भएकोमा ७ वटा योजना सम्पन्न भएका छन् भने एउटा योजनाको म्याद थप भएको छ। यस्तै कृषि र स्वास्थ्य क्षेत्रमा चुनौतीका विच पनि महत्त्वपूर्ण उपलब्धि हासिल गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ।

स्थानीय डण्डपानी भण्डारीले वडा कार्यालय अगाडी लामो समयदेखि थन्किएका सिमेन्टका बोराहरूको विषय उठाउँदै विकास योजनामा ढिलासुस्ती र जनप्रतिनिधिको उपस्थिति अभावप्रति असन्तुष्टि व्यक्त गरे। मुना भण्डारीले सार्वजनिक जग्गाको सदुपयोग नभएकोमा चिन्ता व्यक्त गर्दै स्थानीय सरकारले स्रोत व्यवस्थापनमा ध्यान दिनुपर्नेमा जोड दिईन्। कार्यक्रममा स्थानीयहरु मनहरी भण्डारी, जोमाया देवकोटा, ऋषिराम भण्डारी लगायतले गुनासा तथा सुझावहरु राखेका थिए। माछापुच्छ्रे माविका व्यवस्थापन समितिका अध्यक्ष मनपति भण्डारीले सामुदायिक विद्यालय सुधारमा पालिका, शिक्षक, अभिभावक र समुदायको भूमिकाको महत्त्वबारे धारणा राखेका थिए। सार्वजनिक सुनुवाइ कार्यक्रममा पत्रकार सागर ढकालले प्रस्तुत गरेको सेवाग्राही सन्तुष्टि सर्वेक्षणमा पालिकाको सेवा प्रवाहप्रति स्थानीय सामान्यतः सन्तुष्ट देखिएका छन्। उनले अधिकांश सेवाग्राहीले कर्मचारीको व्यवहार सकारात्मक भएको बताएपनि केही सेवामा थप सुधार आवश्यक रहेको उल्लेख गरे।

कार्यक्रममा टिपोटकर्ता श्रीभद्र पौडेलले सार्वजनिक सुनुवाइले सुशासन र पारदर्शिता प्रवर्द्धनमा सहयोग पुर्‍याउने धारणा राख्दै जनप्रतिनिधिले जनभावनाअनुसार जिम्मेवार ढंगले काम गर्नुपर्ने बताए।

स्थानीय संवाद, सुझाव तथा प्रश्नहरूलाई प्राथमिकतामा राख्दै बुधबार सम्पन्न सार्वजनिक सुनुवाइ कार्यक्रममा अन्नपूर्ण गाउँपालिका-२ नं. वडा अध्यक्ष पिताम्बर भण्डारीले स्वागत र पत्रकार इन्द्रप्रसाद पौडेलले कार्यक्रमको सञ्चालन गरे थिए।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# हाइकिङसँग जोडिँदै कालाबाङ घरेडी बुद्धउद्यान

**वासुदेव पौडेल**
गण्डकी, २ साउन/रासस

'हाइकिङ'मार्फत पोखरा आसपासका पर्यटकीय गन्तव्यहरूको प्रवर्द्धन गर्दै आएको हाइकर्स क्लब नेपालले आफ्नो ६० औँ शृङ्खलामा पोखरा महानगरपालिका-२२ स्थित कालाबाङ घरेडी बुद्धपार्कलगायतका क्षेत्र समेटेको छ।

स्वास्थ्य र पर्यटनको लागि हाइकिङ भन्ने मूल नाराका साथ विगत छ वर्षदेखि हरेक महिनाको अन्तिम शनिबार गरिँदै आएको हाइकिङको ६० औँ शृङ्खला पोखरा २२ स्थित कालाबाङ घरेडीबाट सुरु गरी भुम्दी, तारेभिर, चिसापानी पुगेर पुनः भुम्दी हुँदै कालाबाङ घरेडी बुद्धपार्कमा आएर सम्पन्न गरिएको क्लबका अध्यक्ष कृष्ण रानाभाटले जानकारी दिनुभयो।

एक दिवसीय पदयात्रा( हाइकिङ)सहित घरवास पर्यटनको अनुभव लिन पनि यो क्षेत्र पर्यटकको रोजाइमा पर्ने गरेको उहाँले बताउनुभयो। पछिल्ला समयमा यस क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल वढ्न थालेको तारेभिरस्थित असिम खाजा घर एण्ड किराना पसलका सञ्चालक राजु रानाले बताउनुभयो। समग्र पोखरासहित हिमाली दृश्य समेतको एक साथ अवलोकन गर्ने गन्तव्यका रुपमा चासो र चर्चा कमाएको यो क्षेत्र पोखराबाट पश्चिमतिर रहेको छ। पोखराको वडा नं २३ घाँटी छिनाबाट माथि हेर्दा तारा तथा ठूलो छर्लङ्ग देखिने भिरका कारण यहाँ जाने मार्गको भिरलाई तारेभिरका रुपमा लिने गरिएको स्थानीयवासी बताउँछन्।

सम्पूर्ण पोखरालाई एक साथ नियाल्न सकिने कालाबाङको शिरबाट देखिने हिमाली दृश्यले



यहाँ आउने जो कोही लोभिने गरेका छन्। न्हेआल डाँडाका रुपमा समेत चिनिने यहाँबाट फेवाताल सहित पोखराको लदृश्यका साथै धौलागिरि, अन्नपूर्ण, मनास्लुलगायतका हिमशृङ्खला नाङ्गो आँखाले देख्न सकिन्छ।

कालाबाङ आफैँमा प्रकृति र संस्कृतिको सङ्गम हो। प्राचीन मौलिकता कायमै रहेका यो गाउँमा गुरुङ समूदायको बाहुल्यता छ। परापूर्वकालदेखि नै स्याङ्जा, कास्की र पर्वतको त्रिवेणी धार्मिक पर्यटकीयस्थल पञ्चासेलगायतका स्थानमा आवतजावत गर्नेहरूको बास बस्ने ठाउँका रुपमा कालाबाङ रहेको थियो।

विगतमा समेत आतिथ्यता प्रदान गरिहेको यस ठाउँको मौलिकतालाई अहिले पनि घरवासमार्फत जगेर्ना गरिएको छ। गाउँलाई घरवासमार्फत पर्यटनसँग जोड्नका लागि यहाँ सञ्चालित घरवास यतिखेर स्वदेशी एवं विदेशी पर्यटकको विशिष्ट रोजाइमा पर्ने गरेको कालाबाङ होमस्टेका संस्थापक सचिव एवं अध्यक्ष यामबहादुर गुरुङले जानकारी दिनुभयो। "यहाँका १८ वटा घरमा होमस्टे सञ्चालन गरिएको छ", उहाँले भन्नुभयो, "हामी कालाबाङ आएका पर्यटकलाई दैनिक ९० जनासम्म होमस्टेमा राख्न सक्ने व्यवस्था मिलाएका छौँ।" अनौपचारिक रुपमा २०७० सालदेखि होमस्टे सुरु गरिए पनि औपचारिक रुपमा भने २०७३ असोजमा पर्यटन कार्यालयमा विविधवत् होमस्टे दर्ता गरिएको उहाँले जानकारी दिनुभयो। पोखराको पृथ्वीचोकको बसपार्कबाट एक घण्टामा पुग्न सकिने यो होमस्टे पछिल्ला समयमा पर्यटकको आकर्षक गन्तव्य बनिरहेको उहाँले बताउनुभयो। पोखराबाट १४ किलोमिटर दूरीमा पुग्न सकिने यस ठाउँमा पुगेका पर्यटकका लागि होमस्टे सञ्चालकले एक दिनको रु एक हजार १०० प्याकेज निर्धारण गरेका छन्।

प्याकेजअनुसार गाउँमा पुगेका पर्यटकलाई बेलुका साँझको स्वागत खाजा, बेलुकाको मासु खाना, बिहानको नास्ता एवं सुतेको समेत गरी प्याकेज निर्धारण गरिएको छ। एक घण्टामा नै पुग्न सकिने भएकाले अधिकांशत बेलुका पुगेर भोलिपल्ट फर्कने गरेको अध्यक्ष गुरुङले जानकारी दिनुभयो। गाउँमा जानका लागि सार्वजनिक यातायात पनि सहज छ। प्रत्येक दिन बिहान ८:३० बजे, दिउँसो १:३०, ३:३० र ६:०० बजे पृथ्वीचोकबाट कालाबाङ घरेडीसम्म बस छुट्ने गरेको र त्यहीअनुरुप उताबाट पनि बसहरू फर्कने व्यवस्था मिलाइएको छ। प्रकृति र संस्कृतिले सम्पन्न कालबाङमा स्थानीयले ब्राह्मणको भजन, गुरुङको झ्याउरे, दलितको रत्यौली र नौमती बाजा सुन्ने/हेर्नेलगायतका व्यवस्था मिलाएका छन्। चिटिक्क सजाइएका ढुङ्गेघर र ढुङ्गाका छपनीले छपक्क छापिएको बाटो आदि यहाँका विशेषता हुन्। बस्ती जति सुन्दर छ त्यस्तै स्थानीयको आतिथ्यता पनि लोभलाग्दो छ।

गाउँको सिरानमा स्थानीयकै सक्रियतामा बनाइएको बुद्धपार्क यतिखेर यहाँको अर्को आकर्षण बनेको छ। बुद्धपार्क निर्माणको अभियान भने तत्कालीन जिल्ला विकास समिति हुँदैदेखि सुरु गरिएको होमस्टेका अध्यक्ष एवं पार्क निर्माण समितिका अर्थ सङ्कलन उपसमितिका संयोजक समेत रहनुभएका गुरुङले जानकारी दिनुभयो।

बुद्धपार्क र यस आसपासमा विभिन्न पूर्वाधार निर्माणमा स्थानीय जनसहभागितासहित हालसम्म करिब रु तीन करोड खर्च भइसकेकको उहाँले जानकारी सिदनुभयो। हाइकर्स क्लब नेपालका अध्यक्ष कृष्ण रानाभाटका अनुसार पोखराबाट नजिक रहेका कारण बुद्धपार्क पछिल्लो समयमा पर्यटकको रोजाइमा पर्ने गरेको छ। पोखराबाट नजिकै र छोटो समयका लागि पदयात्रा गर्न चाहने पर्यटकलाई पनि यो ठाउँ उपयुक्त गन्तव्यका रुपमा रहेको उहाँले बताउनुभयो। "एक दिवसीय हाइकिङका लागि पनि यो गन्तव्य उपयुक्त छ", उहाँले भन्नुभयो, "हाइकिङ गर्न चाहने पर्यटकलाई कालाबाङ घरेडीबाट पदयात्रा सुरु गराई भुम्दी, तारेभिर, चिसापानीबाट पुनः भुम्दी हुँदै कालाबाङ घरेडी बुद्धपार्कमा ल्याउन सकिन्छ।"

यिनै सम्भावनाकै उजागर गराउनका लागि हाइकर्स क्लब नेपालले एक दिवसीय हाइकिङमा कालाबाङ घरेडी बुद्धपार्क क्षेत्रलाई समेट्न खोजेको उहाँले बताउनुभयो।

# राहुघाटको म्याद तेस्रोपटक थपियो

**पोखरापत्र संवाददाता**
म्याग्दी, २ साउन

नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रोपावर प्रवर्द्धक रहेको म्याग्दीमा निर्माणाधीन ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाको सिभिल ठेक्काको म्याद तेस्रोपटक थपिएको छ। राहुघाट म्याग्दीको बहुप्रतिक्षित आयोजना हो।

भारतीय सिभिल ठेकेदार कम्पनी जयप्रकाश एसोशियट्स (जेपी)ले ४५ महिनामा सम्पन्न गर्ने लक्ष्य सहित २०१७ नोभेम्बर १७ (२०७४ मंसिर ६ गते) रु. छ अर्बमा ठेक्का सम्झौता गरेको थियो। सन २०२२ फेब्रुअरीमा पहिलो र सन २०२२ फेब्रुअरीमा दोस्रोपटक थपिएको म्याद गत जुन २७ मा सकिएको थियो।

हालसम्म ९० प्रतिशत भौतिक प्रगति भएको राहुघाटको सिभिल ठेकेदारसँगको सम्झौताको म्याद तेस्रोपटक २०२५ नोबेम्बर २७ सम्म थपिएको रघुगङ्गा हाइड्रोपावरका प्रबन्ध सञ्चालक गणेश केसीले बताउनुभयो।

"ठेकेदारले सन् २०२५ डिसेम्बर ३१ सम्म म्याद थपको प्रस्ताव गरेको थियो", उहाँले भन्नुभयो, "परामर्शदाता 'वाकफोस'को सिफारिसअनुसार चार महिनामात्र म्याद थपिएको हो।" कोरोना महामारी, बाढीपहिरोजस्ता प्राकृतिक विपद् र नदीजन्य निर्माण सामग्रीको अभावलाई ठेकेदारले आयोजना निर्माणमा ढिलाइ हुनुको कारण देखाएको छ। बर्खायाममा बुग्लको पहिरो सक्रिय हुँदा बाँधस्थल जोड्ने सडक अवरुद्ध हुने र निर्माणाधीन बाँध नजिकै बाढीले गेग्रान थुपार्दा आयोजना निर्माणको काम प्रभावित बनाएको थियो। सर्वोच्च अदालतले तीन वर्षसम्म कालीगण्डकी नदीबाट ढुङ्गा, गिट्टी र बालुवा उत्खनन गर्न रोक लगाएको थियो। विसं २०७६ कात्तिकमा एक करोड दुई लाख ९३ हजार २२.३५ अमेरिकी डलरमा इलेक्ट्रोमेकानिकल ठेक्का सम्झौता गरेको भारत हेभी इलेक्ट्रिकल्स लिमिटेड (भेल)ले पनि विद्युत्गृहका उपकरण आयात र जडानको काम लक्ष्यअनुसार गर्न सकेको छैन। भेलसँगको ठेक्काको म्याद आगामी डिसेम्बर ३१ सम्म छ। राहुघाट जलविद्युत् आयोजनाका प्रमुख राजु विष्टले सिभिल र इलेक्ट्रोमेकानिकल ठेकेदारलाई तालमेल मिलाएर काम गराउन समन्वय, सहजीकरण र ताकेता गरिरहेको बताउनुभयो। कार्ययोजनाअनुसार ठेकेदारले काम गरेमा आगामी डिसेम्बरमा राहुघाट निर्माण सम्पन्न हुने उहाँले बताउनुभयो। यसअघि गत असार १५ गते सम्पन्न कार्ययोजना ठेकेदारहरूको ढिलासुस्तीका कारण असफल भएको विष्टले बताउनुभयो। रघुगङ्गा गाउँपालिका-४ दग्नाम र वडा नं ५ झिँ को फेदीमा बाँध, छ किलोमिटर दुई सय ७० मिटर लामो मुख्य सुरुङ र तिल्केनीचौरमा विद्युत्गृह निर्माणको काम ९० प्रतिशत सकिएको छ।

भारतीय आयात निर्यात (एक्जिम) बैंकको ६७ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण तथा नेपाल विद्युत् प्राधिकरण र नेपाल सरकारको संयुक्त लगानीमा कम्पनीको अवधारणा र इञ्जिनियरिङ प्रक्युमेन्ट एन्ड कन्ट्रयाक्ट (इपिसी) प्रारूपमा राहुघाट जलविद्युत् आयोजना सञ्चालन गरिएको हो। कमजोर आर्थिक अवस्थाका कारण २०७२ मा पुरानो ठेकेदार आइभीआरसीएलसँगको ठेक्का तोडेर नयाँ प्रक्रियाबाट निर्माण अघि बढाइएको थियो। पछिल्लोपटक छनोट भएको सिभिल ठेकेदार जयप्रकाश एसोसियट्स (जेपी)ले २०७५ असारमा पहुँचमार्ग र २०७६ असारमा सुरुङ खन्न सुरु गरेको थियो। यस आयोजनाले वार्षिक २४ करोड पाँच लाख ९३ हजार ३४ युनिट विद्युत् उत्पादन गर्ने लक्ष्यसहित २०७५ चैतमा विद्युत् खरिद बिक्री सम्झौता (पिपिए) गरेको थियो। राहुघाटबाट उत्पादन हुने विद्युत् केन्द्रीय ग्रिडमा जोड्न कालीगण्डकी करिडोरअन्तर्गत २२० केभी (डबल सर्किट) क्षमताको दाना-कुश्मा प्रसारण लाइनमा लिलो माध्यमबाट जोडिने छ। चारवटा टावर र प्रसारण लाइन पनि बनिसकेको छ।

# मुस्ताङ आउने पर्यटक बढे

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २ साउन

उत्तर-दक्षिण जोड्ने राष्ट्रिय गौरवको (बेनी-जोमसोम-कोरला) सडक बनेपछि मुस्ताङमा आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्या उल्लेख्य बढेको छ। सडक तथा हवाई यातायात सहज भएपछि मुस्ताङ भ्रमण गर्नेहरु बढेका हुन्। जिल्ला प्रहरी कार्यालय मुस्ताङका सूचना अधिकारी प्रहरी निरीक्षक विशाल अधिकारीका अनुसार गत आर्थिक वर्ष २०८१/८२ मा मुस्ताङमा पाँच लाख ५५ हजार ३२६ आन्तरिक र एक लाख ५० हजार ४५३ जना विदेशी गरी कूल सात लाख पाँच हजार ७७९ पर्यटक आएका छन्। जुन अघिल्लो आव २०८०/८१ को तुलनामा ५५ दशमलव तीन प्रतिशत अर्थात् दुई लाख ५१ हजार ४५३ ले बढी हो। आव २०८०/८१ मा मुस्ताङमा कूल चार लाख ५४ हजार ३२६ पर्यटक आएका थिए। आव २०८१/८२ मा आन्तरिकतर्फ पाँच लाख ५५ हजार ३२६ र बाह्यतर्फ एक लाख ५० हजार ४५३ जना विदेशी पर्यटक मुस्ताङ आएका छन्। यहाँका ऐतिहासिक, धार्मिक, सांस्कृतिक र जैविक विविधतालगायत कारण पछिल्लो समय मुस्ताङ भ्रमण गर्ने पर्यटकको क्रेज बढेको जानकार बताउँछन्। हिन्दू तथा बौद्ध धर्मालम्बीहरुको साझा धार्मिक तीर्थस्थल मुक्तिनाथ मन्दिर, कागबेनीधाम र दामोदरकुण्ड यहाँका महत्वपूर्ण धार्मिक पर्यटक गन्तव्यका रुपमा अग्रपङ्क्तिमा पर्दछन्। मुस्ताङका ऐतिहासिक तथा धार्मिक गुम्बा, मठमन्दिर, माने, छोर्तेन, मानव निर्मित गुफा, मुस्ताङी सांस्कृतिक राजाको दरबार, कालीगण्डकी करिडोर, तालतलैया पर्यटकीय गन्तव्यमा पर्छन्।

# मादीनदी पुलको काम अन्तिम चरणमा

**रासस**
दमौली, २ साउन

मुग्लिन-पोखरा सडकअन्तर्गत तनहुँको दमौलीमा निर्माण हुँदै गरेको मादीनदीमाथिको पुल अन्तिम चरणमा पुगेको छ।

व्यास नगरपालिका-४ र ५ जोड्ने मादीनदी पुलको काम तीव्र गतिमा भएसँगै हालसम्म ७१ प्रतिशत सम्पन्न भएको हो। पुल निर्माण तीव्र गतिमा प्रभावकारी रूपमा भइरहेको मुग्लिन-पोखरा सडक आयोजना (पूर्वी खण्ड) का इञ्जिनियर विष्णुप्रसाद पाण्डेले जानकारी दिनुभयो। "उक्त पुलमा छ वटा स्पान हुनेछ। तीन सय १५ मिटर लामो पुल तीन वर्षभित्र सम्पन्न गर्नेगरी निर्माण कम्पनीले



सन् २०२२ अगष्ट ११ मा रु एक अर्ब २१ करोडमा ठेक्का सम्झौता गरेको थियो", उहाँले भन्नुभयो। पृथ्वी राजमार्गको सबैभन्दा लामो आर्क डिजाइनको उक्त पुल चार लेनको हुनेछ। हाल नदीमाथि रहेको दुई लेनको पुल ३७० मिटर लम्बाइको छ। सोही पुलभन्दा करिब ५० मिटरको दूरीमा नयाँ पुल निर्माण भइरहेको इञ्जिनियर पाण्डेले बताउनुभयो। "मुग्लिन-पोखरा सडक आयोजनाको पूर्वी खण्डअन्तर्गत आँबुखैरेनीबाट जामुनेसम्म १३ वटा पुल निर्माण सम्पन्न भइसकेका छन्। पूर्वी खण्डअन्तर्गत सडकको काम ८६ प्रतिशत सकिएको छ। आँबुखैरेनी-जामुनेसम्मको ४१ दशमलव ४५ किलोमिटर कालोपत्र सकिएको छ", उहाँले भन्नुभयो। पूर्वी खण्डमा विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो।

पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले पाएको छ। विसं २०२६ मा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो। पूर्वी खण्डको ठेक्का रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा लागेको छ। पूर्वी खण्डको ठेक्का म्याद असार २९ गते सकिएको छ। केही काम बाँकी रहेकाले म्याद थपका लागि भौतिक पूर्वाधार मन्त्रालयमा सिफारिस गरिएको पाण्डेले बताउनुभयो।

# मातृशिशु मृत्युदर घटाउन गर्भवतीलाई पोषण

**पोखरापत्र संवाददाता**
तनहुँ, २ साउन

जिल्लाको व्यासनगरपालिकाले नवजात शिशु र आमाको स्वास्थ्य स्याहार र सुरक्षाका लागि गत आर्थिक वर्षमा २४३ जना गर्भवतीलाई पोषण रकम प्रदान गरेको छ।

गर्भवती पोषण कार्यक्रम (महिलासँग उपप्रमुख ) अन्तर्गत जनही रु पाँच हजारका दरले २४३ लाई रु १२ लाख २५ हजार रकम वितरण गरिएको प्रमुख प्रशासकीय अधिकृत काशीराम गैरेले जानकारी दिनुभयो। गर्भवतीलाई पोषण प्रोत्साहन रकम प्रदान गरी कुपोषण हुनबाट बचाउने, नियमित गर्भ जाँच गराउने र असुरक्षित सुत्केरीलाई निरुत्साहित गर्ने उद्देश्यले रकमको व्यवस्था गरिएको उहाँले बताउनुभयो। आर्थिक रूपमा कमजोर महिलालाई उक्त रकम प्रदान गरिएको हो। नगरपालिका क्षेत्रका सरकारी स्वास्थ्य संस्थाबाट कम्तीमा तीन पटक (४, ६ र ८ महिना) स्वास्थ्य गरेको गर्भवतीलाई आठ महिनापछि रु पाँच हजार प्रदान गर्ने कानुनी व्यवस्था छ। यसैबीच, पालिकाले ५६ जनालाई अपाङ्गता र १२४ लाई ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरिएको जनाएको छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : सत्कार मिल्नेछ |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : आर्थिक समस्या | धनु | : मानसिक तनाब |
| कर्कट | : कार्यमा सफलता | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# नेपालले महिला कबड्डी विश्वकपमा सहभागिता जनाउँदै

**रासस**
काठमाडौं, २ साउन

महिला कबड्डी विश्वकपमा सहभागी हुन १४ खेलाडीसहित १८ सदस्यीय नेपाली टोली भोलि भारतको हरियाणा जाने भएको छ। प्रतियोगिता आगामी अगस्ट ३ देखि १० सम्म भारतको हरियाणाको मोरमाजरामा हुनेछ।

सहभागी खेलाडीमा कप्तान मानमती विष्टसहित उपकप्तान जयन्ती बडु, मेनुकाकुमारी राजवंशी, रविना चौधरी, मीना नेपाली, गङ्गा घिमिरे, आशिका कुँवर, सृजनाकुमारी थारू, सृजना धानुक, मनीषा जोशी, उरुषा शाक्य, आस्मा यादव, विनिता पण्डित क्षेत्री र सञ्जु थामी रहेका छन्। त्यस्तै, प्रशिक्षकमा विष्णुदत्त भट्ट, सहायक प्रशिक्षकमा हरिना थापा, व्यवस्थापकमा शरद् दर्शनधारी र निर्णायकमा रमेशचन्द्र ओझा हुनुहुन्छ। प्रतियोगिताअघि नेपाली टोलीले मोरमाजरामै १२ दिनको अवधिमा प्रशिक्षणका साथै स्थानीय पाँच क्लबसँग अभ्यास खेल पनि खेल्नेछ। एसियाका ४७ राष्ट्र मध्येबाट विश्व वरियतामा तेस्रो स्थानमा रहेको नेपाल पनि छनोट हुँदै प्रतियोगितामा सहभागी हुन लागेको हो। प्रतियोगितामा नेपालसहित भारत, युगान्डा, जर्मनी, चाइनिज ताइपेइ, होल्यान्ड, जन्जिबार, इरान, जापान, पोल्यान्ड, केन्या, अर्जेन्टिना र थाइल्यान्ड सहभागी हुनेछन्। विश्वकपको दोस्रो संस्करण १३ वर्षपछि हुन लागेको हो। पहिलो संस्करण सन् २०१२ मा भारतको पटनामा भएको थियो। टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टङ्कलाल घिसिङ, अखिल नेपाल कबड्डी संघकी अध्यक्ष तुलसी थापा र राष्ट्रिय टिम तयारीका निर्देशक दीपक विष्टले आज यहाँ आयोजित कार्यक्रममा सफलताको शुभकामना दिँदै बिदाइ गर्नुभयो। सदस्यसचिव घिसिङले महिला खेलाडीको ग्राफ उकालो लाग्दै गएको उल्लेख गर्दै एसियाली प्रतियोगितामा पनि पदक जित्दै महिला कबड्डी टोली दक्षिण एसियामा मात्र सीमित छ भन्ने भ्रमलाई चिर्न सफल भएको बताउनुभयो। राष्ट्रिय टिम तयारीका निर्देशक दीपक विष्टले देशका लागि केही गर्छु भन्ने भावनाका साथ प्रतिस्पर्धा गर्न आग्रह गर्दै पदक जितेर आउन शुभकामना दिनुभयो। त्यस्तै नेपाली टोलीका प्रशिक्षक विष्णुदत्त भट्टले नेपाली टोलीको तयारी राम्रो भएको बताउँदै पदक जित्नेमा आशावादी रहेको उल्लेख गर्नुभयो।

# बेनीको शिरमा 'रावण पार्क'

पोखरापत्र संवाददाता
म्याग्दी, २ साउन

म्याग्दीको बेनी नगरपालिका-५ पछैमा रावण पार्क निर्माण अन्तिम चरणमा पुगेको छ।



परापूर्वकालमा ऋषिमुनिले तपस्या गरेर ज्ञानआर्जन गर्न प्रयोग गर्ने 'पछै' जिल्ला सदरमुकाम बेनी बजारबाट उत्तर पश्चिमतर्फको डाँडामा अवस्थित छ। ढलोट धातुको २१ फिट अग्लो रावणको मूर्तिमा १० वटा टाउको, जनै राख्ने र सरसफाइ गर्नेबाहेक सबै काम सकिएको छ।

बेनी नगरपालिकाका प्रमुख सुरत केसीले करिब ९४ प्रतिशत भौतिक प्रगति भएको रावण पार्क आगामी असोजमा सम्पन्न गर्ने लक्ष्यसहित ठेक्काको म्याद थप गरिएको जानकारी दिनुभयो।

"चार रोपनी क्षेत्रफलमा निर्मित पार्कमा घेराबार, प्रवेशद्वार, पदमार्ग निर्माण, स्लेट बिछ्याउने, दुवो रोपेर संरचना तयार गरिएको छ", उहाँले भन्नुभयो, "ऋषिमुनि मन्दिर, हवन कुण्ड, रावणको नाभि गाडिएको भनिने स्थानलाई यथावत् संरक्षण गरी रावणको मूर्तिसहित बगैँचा, विश्रामस्थल, घेरबार र जमिन संरक्षणलगायत पूर्वाधार निर्माण भएका छन्।"

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको पर्यटन पूर्वाधार तथा पर्यटनउपज विकास साझेदारी कार्यक्रमअन्तर्गत मन्त्रालयको ७० र बेनी नगरपालिकाको ३० प्रतिशत लागत साझेदारीमा आर्थिक वर्ष २०७६/७७ देखि रावणको मूर्तिसहित पार्क निर्माण थालिएको थियो। नगरपालिकाले मन्त्रालयमा नियमित प्रतिवेदन बुझाउन नसक्दा आर्थिक वर्ष २०७९/८० र आव २०८०/८१ मा बजेट व्यवस्थापन हुन नसकेपछि निर्माण व्यवसायी पनि पन्छिन खोजेका भन्दै नगरप्रमुख केसीले ४४ महिनासम्म निर्माण रोकिएको उल्लेख गर्नुभयो।

दुई वर्षमा सम्पन्न गर्ने लक्ष्यसहित विसं २०७७ फागुनमा धर्म एस कास्यप जेभीले रु एक करोड ७६ लाखमा ठेक्का सम्झौता गरेको रावण पार्क निर्माणले गत फागुनदेखि गति लिएको थियो। लामो समय र धेरै प्रयासपछि बजेट व्यवस्थापन गरेर विसं २०७८ असारदेखि रोकिएको निर्माणलाई नियमित रूपमा फर्काएर अन्तिम चरणमा पुऱ्याइएको बेनी-५ का वडाध्यक्ष गोविन्द बानियाँले बताउनुभयो।

उहाँका अनुसार हिन्दू धर्मग्रन्थ रामायणका पात्र पुलह, पुलत्य ऋषिको तपोभूमि पछैमा रावण जन्मिएका र उनको नाभि गाडेको ठाउँमा राखिएको शिला अझै सुरक्षित छ। पुलह आश्रम १४ रोपनी क्षेत्रफलमा फैलिएको बताउँदै उहाँले यहाँ पार्क निर्माण सम्पन्न भएर सञ्चालनमा आएमा पर्यटन प्रवर्द्धन हुने विश्वास व्यक्त गर्नुभयो।

समुद्री सतहबाट दुई हजार मिटर उचाइमा अवस्थित रावण पार्क निर्माण स्थल पछैबाट धौलागिरि, नीलगिरि, अन्नपूर्ण हिमशृङ्खला, सूर्योदयको मनोरम दृश्यका साथै म्याग्दी र कालीगण्डकी नदी दोभानमा अवस्थित बेनीसहित जिल्लाका अधिकांश भूगोलको दृश्यावलोकन गर्न सकिन्छ।

यहाँ पुलह, कपिल र जडभरत ऋषिले तपस्या गरी सिद्धि प्राप्त गरेको पौराणिक मान्यता छ। रामायणको पाँचौँ अध्यायमा रावणको जन्म पछैमा भएको उल्लेख छ। पुलह, पुलत्स्य र भरत ऋषिले पछैमा तपस्या गरेको रामायणमा व्याख्या गरिएको छ। विसं २०६६ मा म्याग्दी उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष प्रमोदकुमार श्रेष्ठसहितका व्यक्तले धार्मिक पर्यटकलाई लक्षित गरेर बेनीमा उद्यान बनाउने योजनाको परिकल्पना गर्नुभएको थियो।

विसं २०७४ देखि बजेट विनियोजन गरे पनि ठाउँको विवाद र स्रोतको अभावका कारण रामायण उद्यानको योजना कार्यान्वयन हुन सकेको थिएन। मुक्तिनाथ प्रवेशद्वार गलेश्वर, पुलाचौरको पछै, जगन्नाथ र टोड्के क्षेत्रलाई समेटेर धार्मिक कोरिडोर बनाउने योजना पनि अघि सारिएको छ। बेनी बजारबाट गाडीमा ३० मिनेट यात्रा गरेपछि पछै पुग्न सकिन्छ। बेनी अर्थुङ्गे, बाँसबोट, एकपाटे हुँदै पुरुण्डीसम्मको सडक कालोपत्रे भएको छ। पुरुण्डीबाट करिब दुई किलोमिटर कच्ची सडकको यात्रापछि पछै पुगिन्छ।

# तनहुँका किसानलाई दूधमा अनुदानबापत ९७ लाख वितरण

पोखरापत्र संवाददाता
तनहुँ, २ साउन

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले दुग्ध उत्पादक किसानलाई रु ९७ लाख ४१ हजार ५३४ अनुदान वितरण गरेको छ। दुग्ध उत्पादक किसानलाई पशुपालनमा प्रोत्साहन गर्ने उद्देश्यसहित कार्यालयले आर्थिक वर्ष २०८१/८२ मा ११ सहकारीमार्फत उक्त रकम वितरण गरेको हो।

केन्द्रमार्फत दूधमा अनुदान वितरण कार्यक्रम दोब्बरले वृद्धि भएको छ। गत आर्थिक वर्ष २०८०/८१ मा किसानलाई रु ४३ लाख ७३ हजार अनुदान वितरण गरिएको थियो। केन्द्र प्रमुख रविनसन अधिकारीले उत्पादनका आधारमा अनुदान दिने नीतिले दुग्ध उत्पादनतर्फ किसान आकर्षित भएको जानकारी दिनुभयो। चालु आवमा दुग्ध उत्पादनमा अनुदान कार्यक्रमका लागि रु एक करोड बजेट विनियोजन गरिएको थियो।

उहाँले भन्नुभयो, "दुग्ध उत्पादनमा किसानलाई आकर्षित गराउने उद्देश्यसहित प्रतिलिटर रु तीनका दरले अनुदान वितरण गरेका छौँ। चालु आवमा ३२ लाख ४७ हजार लिटर दूधमा अनुदान वितरण गरिएको अधिकारीले उल्लेख गर्नुभयो। जिल्लाका १५ वटा सहकारीमार्फत प्रस्ताव आए पनि दोहोरो सुविधा नहुने गरी१०-११ वटा सहकारीमार्फत दूध बिक्री वितरण गर्ने किसानलाई अनुदान दिइएको अधिकारीले उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "कतिपय स्थानीय तह आफैँले पनि दूधमा अनुदान दिने कार्यक्रम सञ्चालन गरेका छन्। त्यस्ता ठाउँमा दोहोरिने भएकाले वितरण गरेनौँ।" दूधमा उत्पादनका आधारमा अनुदान दिन थालेपछि किसान दुग्ध उत्पादनतर्फ आकर्षित भएकाले जिल्ला दूधमा आत्मनिर्भर बन्न सहयोग पुगेको छ। व्यास नगरपालिका-१० दुम्सी दुग्ध उत्पादक सहकारी संस्थामार्फत पाँच लाख ८३ हजार ३३३ लिटर दूध बिक्री गरेबापत रु १७ लाख ५० हजार, व्यास नगरपालिका-१ स्थित चारकुने दुग्ध उत्पादक सहकारीमार्फत एक लाख १६ हजार ९२९ लिटर दूध बिक्री गरेबापत रु तीन लाख ५० हजार ७८८, व्यास नगरपालिका-१३ स्थित बेलबास दुग्ध उत्पादक सहकारीमार्फत पाँच लाख पाँच हजार १२ लिटर दूध बिक्री गरेबापत रु १५ लाख १६ हजार ५३७, व्यास नगरपालिका-५ चिन्तुटार दुग्ध उत्पादक सहकारी संस्थामार्फत एक लाख ८५ हजार १४० लिटर दूध बिक्री गरेबापत रु पाँच लाख ५५ हजार ४२१, व्यास नगरपालिका-१० स्थित शेवर दुग्ध उत्पादक सहकारीमार्फत एक लाख ४८ हजार ३३२ लिटर दूध बिक्री गरेबापत रु चार लाख ४४ हजार ९९८ अनुदान वितरण गरिएको छ। बन्दीपुर गाउँपालिका-५ याम्पा दुग्ध उत्पादक सहकारीमार्फत पाँच लाख ५४ हजार २६० लिटर दूध बिक्री गरेबापत रु १६ लाख ६२ हजार ७८०, बन्दीपुर गाउँपालिका-१ स्थित सूर्योदय दुग्ध उत्पादक सहकारी संस्थामार्फत ९६ हजार ९९३ लिटर दूध बिक्री गरेबापत रु दुई लाख ९० हजार ९८०, देवघाट गाउँपालिका-५ स्थित गोहीटार कृषि सहकारी संस्थामार्फत दुई लाख ७५ हजार ५७ लिटर दूध बिक्री गरेबापत रु आठ लाख २५ हजार १७२, शुक्लागण्डकी नगरपालिका-१० स्थित शुक्ला कृषि पर्यटन सहकारीमार्फत तीन लाख ४६ हजार ६२१ लिटर दूध बिक्री गरेबापत रु १० लाख ३९ हजार ८६४ अनुदान उपलब्ध गराएको छ। त्यसैगरी शुक्लागण्डकी नगरपालिका-७ स्थित गौ सेवा दुग्ध उत्पादक सहकारी संस्थामार्फत ९१ हजार ५३० लिटर दूध बिक्री गरेबापत रु दुई लाख ७४ हजार ५९० र शुक्लागण्डकी नगरपालिका-९ स्थित जयलक्ष्मी दुग्ध उत्पादक सहकारीमार्फत तीन लाख ४३ हजार ४६६ लिटर दूध बिक्री गरेबापत रु १० लाख ३० हजार ३९८ अनुदान वितरण गरिएको केन्द्रले जनाएको छ। दुम्सी दुग्ध उत्पादक सहकारी संस्थाका अध्यक्ष सुवास सापकोटाले दूधमा अनुदान दिने नीतिले किसानलाई सहज भएको बताउनुभयो। उहाँले भन्नुभयो, "अनुदान नीतिले पहिला कम दूध उत्पादन गर्नेले पनि अहिले बढी उत्पादनमा जोड दिएका छन्।"

# नेपाल पर्यटन बोर्डले ७० प्रतिशत बजेट अन्तरराष्ट्रिय प्रबर्द्धनमा खर्च गर्ने

रासस
काठमाडौं, २ साउन

नेपाल पर्यटन बोर्डले आर्थिक वर्ष २०८२/८३ को बजेट स्वीकृत गरेको छ। बोर्डको कार्यकारी समितिको हालै बसेको बैठकले आगामी आवका लागि रु एक अर्ब ५९ करोड ९९ लाख ७० हजारको बजेट स्वीकृत गरेको बजेट तर्जुमा उपसमितिका संयोजक ऋषिराम भण्डारीले जानकारी दिनुभएको हो।

बोर्डले सुरक्षित, भरपर्दो र आकर्षण पर्यटकीयस्थलको विकास गरी अन्तरराष्ट्रिय पर्यटन समुदायमा नेपालको छविलाई स्थापित गर्ने उद्देश्यसहित आफ्नो बजेट तथा कार्यक्रम ल्याएको उहाँले बताउनुभयो। बजेट उपसमिति संयोजक भण्डारीले भन्नुभयो, "चालु आर्थिक वर्षमा बोर्डले नेपालमा पर्यटक आगमन कम्तीमा १५ प्रतिशतले वृद्धि गर्दै समग्र पर्यटन क्षेत्रलाई चलायमान गराउने लक्ष्य लिएको छ।"

बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिईओ) दीपकराज जोशीले बजेट समयमै पारित गर्दै पर्यटन प्रवर्द्धनमा उल्लेख्य टेवा पुग्ने क्षेत्र र कार्यक्रममा बजेट केन्द्रीत रहेको बताउनुभयो। उहाँले पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्द्धनद्वारा राष्ट्रिय उत्पादन तथा विदेशी मुद्रा आर्जनमा अभिवृद्धि गरी रोजगारीका अवसर सिर्जना र पर्यटन क्षेत्रको दिगो विकासका लागि बजेट उपयोगी हुने बताउनुभयो। यसैगरी चालु आवमा नेपाल आसियन पर्यटन वर्ष २०२६ को प्रवर्द्धन गर्ने, गुणस्तरीय पर्यटक आगमनलाई प्राथमिकीकरण गरी पर्यटकबाट हुने समग्र आयमा कम्तीमा १५ प्रतिशतले वृद्धि गर्ने उल्लेख छ। बोर्डले चालु आवमा कम्तीमा ५० वटा स्रोत बजारमा प्रवर्द्धनात्मक कार्यक्रम, पर्यटन व्यवसायका लागि आवश्यक थप पाँच हजार जनशक्ति उत्पादन र पर्यटनको विस्तारीकरणका लागि कम्तीमा २५ वटा नयाँ पर्यटन पूर्वाधार संरक्षण गर्ने जनाएको छ। बोर्डको सेवा विस्तारका लागि कूल बजेटको ७० प्रतिशत अन्तरराष्ट्रिय बजारीकरणमा खर्च गर्ने र भारतमा कार्यालय खोल्ने पनि जनाइएको छ। भारत नेपालको प्रमुख पर्यटक स्रोतबजार भएकाले जहाँबाट सन् २०२४ मा मात्र चार लाखभन्दा बढी पर्यटक नेपाल आएका थिए। भारतीय बजारलाई थप प्रभावकारी बनाउन, दिल्ली वा अन्य प्रमुख सहरमा स्थायी कार्यालय खोल्ने तयारी अन्तिम चरणमा पुगेको बोर्डले जनाएको छ।

यसका साथै प्रादेशिक कार्यालय स्थापना गर्नेसमेत यस वर्षको बजेट तथा कार्यक्रममा उल्लेख छ। बोर्डले पर्यटन बजार व्यवस्थापन तथा प्रवर्द्धनका लागि रु ४३ करोड ६१ लाख विजियोजन गरेको छ। यसैगरी जनसम्पर्क तथा प्रचारप्रसारका लागि रु १२ करोड ९५ लाख, अनुसन्धान, योजना तथा अनुगमनका लागि रु दुई करोड ६७ लाख, पर्यटन सम्पदा तथा संसाधान विकासका लागि रु १८ करोड ६३ लाख ५० हजार विनियोजन गरेको छ। यसैगरी नयाँ प्रादेशिक कार्यालय स्थापना र सञ्चालनका लागि रु ११ करोड ६६ लाख, विशेष प्रबर्द्धनात्मक कार्यक्रम बुद्धिष्ट ट्राभल मार्ट, हिमालयन ट्राभल मार्ट, एड्भेन्चर ट्राभल मार्ट, सगरमाथा सम्मान कार्यक्रम र सफारी टुरिजम् मार्टका लागि रु चार करोड ६२ लाख विनियोजन गरिएको छ। बोर्डले अमेरिका, चीन, जापान, कोरिया, अष्ट्रेलिया, बङ्गलादेश, श्रीलङ्का, मलेशिया, थाइल्याण्ड, र युरोपका विभिन्न देशमा प्रबर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने जनाएको छ। 'नेपालः लाइफ टाइम एक्सपिरियन्स' भन्ने नारालाई आधार मानेर विश्वका प्रमुख पर्यटन मेलामा सहभागिता जनाउने, डिजिटल मार्केटिङ, अन्तरराष्ट्रिय सञ्चारमाध्यमसँग सहकार्य, ट्राभल ब्लगर र मिडिया फ्याम टुरजस्ता कार्यक्रम प्राथमिकतामा राखेको छ। अन्तरराष्ट्रिय बजारसँगै आन्तरिक पर्यटन प्रवर्द्धनका लागि पनि बजेट विनियोजन गरिएको छ। विशेषगरी प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रसँगको सहकार्यमा विभिन्न गन्तव्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने बजेटमा उल्लेख छ। जसका लागि सुदूरपश्चिम, कर्णाली, र पूर्वी नेपालका उदियमान गन्तव्यलाई लक्षित गरिएको छ। बोर्डको बजेटमा डिजिटल पूर्वाधार सुदृढीकरण, अनुसन्धान तथा तथ्याङ्क प्रणाली सशक्तीकरण, र पर्यटनसम्बन्धी जनशक्ति विकासका कार्यक्रमसमेत समावेश छन्। पर्यटनसम्बन्धी अध्ययन, तालिम, र विज्ञ कार्यक्रमका लागि छुट्टै रकम छुट्याइएको छ। अन्तरराष्ट्रिय मेलामहोत्सव, सेल्स मिसन, डिजिटल मिडिया अभियान, सिने टुरिज्जम, डायस्पोरा कनेक्ट, ब्रान्डिङ, र प्रभावशाली कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाइने बजेटमा उल्लेख छ।

भौतिक पूर्वाधार निर्माण, पदमार्गको सुधार, नमस्ते सेन्टर स्थापना, बौद्ध गन्तव्य प्रवर्द्धन, पर्वतीय क्षेत्रका लागि तालिम, ग्रीन हस्पिटलिटी प्रमाणीकरण, घरेलु पर्यटन प्रवर्द्धन, पर्यटन टुर अपरेटर तालिम, भाषा र डिजिटल सीपसम्बन्धी तालिमलगायत कार्यक्रममार्फत गन्तव्य विकास र स्थानीय सशक्तिकरणलाई बलियो बनाउने उद्देश्य यस वर्षको बजेटले लिइएको छ। मिथिला कला, प्याराग्लाइडिङ प्रतियोगिता, हात्ती महोत्सव, पर्वतीय र जङ्गल सफारी जस्ता सांस्कृतिक तथा साहसिक गन्तव्यलाई पनि बजेटमार्फत प्रवर्द्धन बोर्डका सिइओ जोशीले बताउनुभयो।

पोखरा कार्यालयमार्फत पोखरा ट्राभल मार्ट, सडक महोत्सव, अन्नपूर्ण तथा मानस्लु पदमार्ग प्रवर्द्धन, पर्यटक प्रहरी तालिम, बेसिक तथा एड्भान्स क्यानियोनिङ तालिम र पर्वतीय सङ्ग्रहालय प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने बजेटमा उल्लेख छ। भारत, चीन र दक्षिण एसियाली मुलुकमा पनि प्रचार कार्यक्रम सञ्चालन गरिने जनाइएको छ। बजेटमार्फत् दीगो पर्यटमा लागि पर्यटन सूचना व्यवस्थापन प्रणाली (टिम्स) को प्रभावकारी कार्यान्वयन, विपद् व्यवस्थापन कोष, जलवायु परिवर्तनमा संवेदनशीलता अभिवृद्धि, अनुसन्धान, अन्तरराष्ट्रिय सहकार्य विस्तार जस्ता दीगो पर्यटनका पक्षलाई ध्यानमा राखेर आगामी दशकलाई दीगो पर्यटन विकासको आधारशिला निर्माण गर्ने रणनीतिमा बजेट केन्द्रित गरेको स्पष्ट पारेको छ। सिईओ जोशीले भन्नुभयो, "यो बजेट केवल रकमको हिसाब मात्र होइन, यो नेपालको पर्यटन पुनर्जागरणको रोडम्याप हो। हामीले बजारअनुसारको रणनीति बनाएका छौँ, स्थानीय तथा अन्तरराष्ट्रिय साझेदारसँग सहकार्य गरेर नेपालको पर्यटन क्षेत्रलाई दिगो रूपमा विस्तार गर्नेछौँ।" बोर्डका अध्यक्ष तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिवले पनि आगामी दिनमा निजी क्षेत्रको सहभागिता, स्थानीय तहको समन्वय, र अन्तरराष्ट्रिय साझेदारीको माध्यमबाट 'स्मार्ट टुरिज्जम नेपाल' को अवधारणा कार्यान्वयन गरिने बताउनुभएको छ।

# कुलुङखोलामा पक्की पुल

पोखरापत्र संवाददाता
दमौली, २ साउन

भीमाद नगरपालिका-१ भएर बग्ने कुलुङखोलामा पुल ७२ दशमलव २० मिटर लामो पक्की पुल निर्माण भएको छ।

विसं २०८१ असोज तेस्रो सातादेखि निर्माण थालिएको पुल म्यादभन्दाअगावै निर्माण सम्पन्न भएको पूर्वाधार विकास कार्यालयले जनाएको छ। नवनिर्मित पुलबाट दुई पाङ्ग्रे सवारी सञ्चालन भएका छन्।यद्यपि पुलको औपचारिक उद्घाटन भएको छैन।

गण्डकी प्रदेश सरकारको रु सात करोड ७३ लाख ६४ हजार ३८२ को लागतमा पुल निर्माण भएको हो। सडक निर्माण भएको २५ वर्षपछि पुल बनेको हो।

# मुस्ताङमा साइकल ट्रेल

पोखरापत्र संवाददाता
मुस्ताङ, २ साउन

मुस्ताङको घरपझोङ-४ जोमसोमदेखि बारागुङ मुक्तिक्षेत्र-५ धार्काजुङसम्म साइकल ट्रेल निर्माण गरिएको छ।

पर्यटन तथा उद्योग कार्यालय मुस्ताङका अनुसार रु २० लाख बजेटमा जोमसोम-धार्काजुङसम्मको करिब आठ किलोमिटर लम्बाइको साइकल ट्रेल निर्माण गरिएको हो।

मुस्ताङको पर्यटन विकास, पर्यटन प्रवर्द्धनका साथै पर्यटकको बसाइँ लम्ब्याउनका लागि साइकल ट्रेल निर्माण गरिएको पर्यटन तथा उद्योग कार्यालयका प्रमुख प्रेम पौडेलले जानकारी दिनुभयो। साविकको पुरानो बाटोको स्तरोन्नति र नयाँ दुई किमी सडकमा ट्र्याक ओपन गरी ट्रेल निर्माण गरिएको हो। ट्रेल निर्माणका लागि सुक्खावाल, ग्याविन वालका साथै जोमसोम-धार्काजुङ ट्रेलमा दुई वटा फलामे पुल बनाइएको छ। साहसिक पर्वतीय हाइअल्टिच्युड साइकल ट्रेल निर्माणसँगै यहाँ साइक्लिङ गर्न आउने पर्यटकले जोमसोम-कागबेनी सडकमार्ग प्रयोग नगरी धार्काजुङ हुँदै मुस्ताङ-डोल्पासम्मको छोटो यात्रा गर्न सक्नेछन्। "समुन्द्री सतहको करिब चार हजारभन्दा माथिको उचाइमा रहेको ढल्केडाँडा छिचोल्दै साइकल ट्रेल गर्ने पर्यटकले यहाँको प्राकृतिक सौन्दर्यता र पर्वतीय उच्च उचाइमा बेग्लै अनुभव गर्न सक्नेछन्", पौडेलले भन्नुभयो। उहाँका अनसुार ढल्केडाँडा पुग्ने पर्यटकले उपल्लो मुस्ताङ, नेपाल-चीन सिमाना, तल्लो मुस्ताङ र मध्य मुस्ताङको विभिन्न क्षेत्रको दृष्यावलोकन गर्न सक्नेछन्। साइकल ट्रेलमा यात्रा गर्नेले ढल्केडाँडाबाट नीलगिरि र धौलागिरि हिमाल, कालीगण्डकी करिडोर, स्याउ बगैँचा र जोमसोलगायत बस्ती पनि हेर्न सक्नेछन्।

# कालीगण्डकीको कटान रोकथाम गर्न तटबन्धन

पोखरापत्र संवाददाता
म्याग्दी, २ साउन

कालीगण्डकीको कटान र बाढीको जोखिममा रहेको बेनी नगरपालिका-१ लामगरामा तटबन्ध निर्माण भएको छ।

सिँचाइ तथा जलस्रोत व्यवस्थापन कार्यालयले लामगरास्थित सेतोढुङ्गादेखि रत्नेचौर लिफ्ट खानेपानी योजनाको इनार हुँदै तलतर्फ कालीगण्डकी नदी किनारमा रु ७० लाख बजेटबाट १५० मिटर तटबन्धन गरेको हो। उक्त कार्यालयका इञ्जिनियर नरजङ गुरुङका तटबन्धमा प्रयोग भएको ग्याबियन तारजालीलाई खिया लाग्नबाट बचाउनका लागि केही भागमा प्लास्टर गरेर 'ज्याकेटिङ' गरिएको छ। तटबन्धन गरिएपछि लामगराका ५० परिवारले सुरक्षित महसुस गरेका छन्। लामगराको बस्ती, सयौँ रोपनी खेतीयोग्य जमिन, लामगरा-मिलनचोक झोलुङ्गे पुल र रत्नेचौर लिफ्ट खानेपानी योजनाको ट्याङ्की संरक्षण गरेको उपभोक्ता समितिका अध्यक्ष कमल थापाले बताउनुभयो। यो बस्ती सागसब्जीको पकेट क्षेत्र हो।

# बाउन्न हेक्टरमा सिँचाइ सुविधा विस्तार

रासस
म्याग्दी, २ साउन

खानेपानी, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयले आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालन गरेका आयोजनामार्फत ५२ हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार भएको छ।

साथै ७० हेक्टर जमिनमा सिँचाइ सुविधाको स्तरोन्नति भएको डिभिजनले जनाएको छ। छ किलोमिटर पक्की नहर, छ दशमलव ११ किलोमिटर पाइपलाइन विस्तार, पाँच वटा बाँध र ४७ वटा सिँचाइका संरचना निर्माण गरेर सिँचाइ सुविधा विस्तार र स्तरोन्नति भएको डिभिजन प्रमुख झलकमोहन ओझाले बताउनुभयो। सिँचाइतर्फ २२ वटा योजनाका लागि रु चार करोड ८३ लाख ४० हजार बजेट विनियोजन भएकामा २१ वटा योजना कार्यान्वयन भएका छन्। सिँचाइमा विनियोजन भएको मध्य ९१ दशमलव ३१ प्रतिशत अथवा रु चार करोड ४१ लाख ४० हजार खर्च भएको छ।

यसैगरी, नदी नियन्त्रण योजनाबाट बाढी र कटानको जोखिममा रहेका छ स्थानमा ४० मिटर पक्की पर्खाल, २५० मिटर 'ग्याबियन' पर्खाल निर्माण भएको छ। रघुगङ्गा-१ बेगमा बेगमा पनि ग्याबियन निर्माण गरेर पहिरो रोकथामको प्रयास भएको छ।

नदी तथा पहिरो नियन्त्रण योजनाबाट ११० परिवार लाभान्वित र दुई दशमलव पाँच हेक्टर जमिन उकास भएको छ। नदी नियन्त्रण योजनाका लागि रु एक करोड ५० लाख ५० हजार विनियोजन भएकामा रु एक करोड ४७ लाख ६९ हजार खर्च भएको प्रमुख ओझाले जानकारी दिनुभयो।